# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, नेपाल, चैत २२ गते, २०७८ साल (अतिरिक्ताङ्क २७

## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७८ सालको अध्यादेश नं. १

### <u>प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

**प्रस्तावनाः** प्रदेश युवा परिषद् ऐन, २०७६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "प्रदेश युवा परिषद् (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ५ मा संशोधनः** प्रदेश युवा परिषद् ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (७) मा रहेको "उपाध्यक्षले" भन्ने शब्दको सट्टा "सचिवले" भन्ने शब्द राखिएको छ।

४. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः-

"(२क.) उपदफा (२) बमोजिमको उपाध्यक्षको पदमा नियुक्त नभएको वा कुनै कारणले रिक्त भएको अवस्थामा उपाध्यक्षको कामकाज मन्त्रालयको सचिवले गर्नेछ।"

५. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (२) को,-

(१) खण्ड (क) मा रहेको “परिषद्को सिफारिसमा” भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ख) मा रहेको “परिषद्को सिफारिसमा” भन्ने शब्दहरू झिकिएका छन् ।

६. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को खण्ड (क) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "युवा हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

**आज्ञाले,**
**रुद्रसिंह तामाङ**
**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७८।१२।२२



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-